# स्थानीय राजपत्र

## सोताङ गाउँपालिकाद्वारा प्रकाशित

खण्ड : ९ संख्या : ५ भाग :२ प्रकाशन मितिः २०८३।०६।१६

# सोताङ गाउँपालिकाको खानेपानी मुहान दर्ता कार्यविधि, २०८३

कार्यपालिकाबाट स्वीकृत मिति : २०८३।०६।१६

**प्रस्तावना**

सोताङ गाउँपालिकाबाट सञ्चालन हुने खानेपानीसम्बन्धी योजना/आयोजनाको सञ्चालन, मुहानसम्बन्धी विवादको निरूपण तथा खानेपानीसम्बन्धी विविध कार्यक्रम व्यवस्थित तवरले सञ्चालन गर्न वाञ्छनीय भएकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) (ध) तथा दफा १०२ ले दिएको अधिकार प्रयोग गरी सोताङ गाउँपालिकाले सोताङ गाउँपालिकाको खानेपानी मुहान दर्ता कार्यविधि, २०८३ जारी गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

(क) यस कार्यविधिको नाम "सोताङ गाउँपालिकाको खानेपानी मुहान दर्ता कार्यविधि, २०८३" रहेको छ ।

(ख) यो कार्यविधि सोताङ गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुने छ ।

**२. परिभाषा**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "कार्यविधि" भन्नाले सोताङ गाउँपालिकाको खानेपानी मुहान दर्ता कार्यविधि, २०८० सम्झनुपर्छ ।

(ख) "खानेपानी" भन्नाले घरेलु तथा औद्योगिक उपभोगका लागि आपूर्ति गरिने पानी सम्झनुपर्छ ।

(ग) "मुहान" भन्नाले नदी, नाला, खोला, धारो, कुवा आदि पानी उम्रने वा निस्कने स्थान सम्झनुपर्छ ।

(घ) "स्रोत" भन्नाले भूसतह वा भूतलमुनि रहेको खानेपानीको स्रोत सम्झनुपर्छ ।

(ङ) "संरचना" भन्नाले मुहान वा स्रोतबाट खानेपानी सङ्कलन, नियन्त्रण, शुद्धीकरण वा वितरण गर्नका लागि निर्माण गरिएका संरचना सम्झनुपर्छ ।

(च) "सर्वेक्षण" भन्नाले परियोजना सञ्चालन वा निर्माण गर्दा पर्ने प्रभाव, प्राविधिक र आर्थिक विवरणसहितको विस्तृत अध्ययन सम्झनुपर्छ ।

(छ) "परियोजना" भन्नाले अनुमति प्राप्त व्यक्ति वा समितिबाट सञ्चालन हुने खानेपानी परियोजना सम्झनुपर्छ ।

(ज) "समिति" भन्नाले मुहान दर्ता भएको उपभोक्ता समिति सम्झनुपर्छ ।

(झ) "पानी आपूर्तिकर्ता" भन्नाले मुहान दर्ता उपभोक्ता समिति वा व्यक्ति सम्झनुपर्छ ।

(ञ) "सेवा" भन्नाले खानेपानी आपूर्तिसम्बन्धी सेवा सम्झनुपर्छ ।

(ट) "उपभोक्ता" भन्नाले खानेपानी सेवा उपभोग गर्ने व्यक्ति वा निकाय सम्झनुपर्छ ।

(ठ) "सेवा शुल्क" भन्नाले सेवा उपयोगका लागि तिर्नुपर्ने शुल्क सम्झनुपर्छ ।

(ड) "निरीक्षक" भन्नाले खानेपानी निरीक्षण गर्ने प्राविधिक सम्झनुपर्छ ।

(ढ) "अध्यक्ष" भन्नाले सोताङ गाउँपालिकाको निर्वाचित अध्यक्ष सम्झनुपर्छ ।

(ण) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले सोताङ गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(त) "गाउँपालिका" भन्नाले सोताङ गाउँपालिका सम्झनुपर्छ ।

(थ) "कार्यालय" भन्नाले सोताङ गाउँपालिकाको कार्यालय सम्झनुपर्छ ।

## परिच्छेद २

## मुहान दर्तासम्बन्धी व्यवस्था

### ३. उपभोक्ता समिति गठन

परियोजनाबाट लाभान्वित हुन इच्छुक व्यक्तिहरूले सामूहिक रूपमा मुहान दर्ता उपभोक्ता समिति गठन गर्न सक्ने छन् ।

### ४. उपभोक्ता समितिको विधान

समितिसँग निम्न विवरणसहितको विधान अनिवार्य हुनुपर्ने छ :

(क) उद्देश्य र कार्यक्षेत्र

(ख) सदस्यको योग्यता

(ग) सदस्यता शुल्क

(घ) सदस्यको अयोग्यता

(ङ) साधारण सभाको अधिवेशन

(च) कार्यसमितिको गठन

(छ) पदाधिकारीहरूको अधिकार र कर्तव्य

(ज) लेखापरीक्षण

(झ) संशोधनसम्बन्धी प्रावधान

**५. दर्ता दरखास्त**

मुहान दर्ताका लागि समितिले रु. ५००।- (पाँच सय) दस्तुरसहित अनुसूची-१ अनुसारको दरखास्त दिनुपर्ने छ ।

**६. मुहान दर्ता प्रक्रिया**

(क) दरखास्त दर्ता भएपछि गाउँपालिकाले ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्ने छ ।

(ख) कुनै आपत्ति नआएमा प्राविधिक मूल्याङ्कन गरी मुहान दर्ता प्रमाणपत्र (अनुसूची-२) दिइने छ ।

(ग) दर्ता अस्वीकृत भए कारणसहित जानकारी गराइने छ ।

**७. दोहोरो समिति दर्ता निषेध**

पहिले नै दर्ता भएको स्रोत क्षेत्रमा अर्को समितिमा दर्ता गर्न पाइने छैन ।

**८. मुहानमा अधिकार**

(क) दर्ता भएपछि समितिको अधिकार स्रोतमा कायम हुने छ ।

(ख) आवश्यक परेमा गाउँपालिकाले गाउँपालिकाभित्रका जुनसुकै मुहानहरू प्रयोग गर्न सक्ने छ र अन्य क्षेत्रका बासिन्दालाई पनि पानी प्रयोग गर्न दिन सक्ने छ ।

**९. सरकारी वा प्रदेश परियोजनाको हस्तान्तरण**

नेपाल सरकार वा प्रदेश सरकारद्वारा विकास भएका परियोजना हस्तान्तरण गर्दा समितिले दर्ता गर्नुपर्ने छ ।

## परिच्छेद ३
## अनुमतिपत्रसम्बन्धी व्यवस्था

**१०. सर्वेक्षण अनुमतिपत्र**

(क) सर्वेक्षणका लागि रु. ५०० (पाँच सय) दस्तुरसहित दरखास्त दिनुपर्ने छ ।

(ख) आवश्यक भए थप कागजात माग गर्न सकिने छ ।

**११. अनुमतिपत्र जारी**

सर्वेक्षण उपयुक्त देखिएमा गाउँपालिकाले स्रोत सर्वेक्षण अनुमतिपत्र (अनुसूची–४) दिने छ ।

**१२. नवीकरण**

मुहान दर्ता अनुमतिपत्र प्रत्येक वर्ष असार मसान्तभित्र रु. ५०० (पाँच सय) दस्तुर तिरी नवीकरण गर्नुपर्ने छ ।

**१३. संशोधन**

आवश्यक भए अनुमतिपत्र संशोधन गर्न सकिने छ ।

**१४. शुल्क**

स्रोत उपयोगका लागि रु. १,०००।- (एक हजार) वार्षिक शुल्क लाग्ने छ ।

## परिच्छेद ४

## विवाद समाधान

१५. विवाद समाधानका लागि देहायबमोजिमको समिति रहने छ :

(क) गाउँपालिका अध्यक्ष – अध्यक्ष

(ख) उपाध्यक्ष – सदस्य

(ग) सम्बन्धित वडाअध्यक्ष – सदस्य

(घ) खानेपानी शाखा प्रमुख – सदस्य

(ङ) वातावरण समिति संयोजक – सदस्य

(च) प्रहरी चौकी प्रतिनिधि – सदस्य

(छ) प्रमुख प्रशासकीय अधिकृत – सदस्य सचिव

## परिच्छेद ५

## गुणस्तर र वातावरणीय व्यवस्था

१६. आपूर्तिकर्ताले गुणस्तरीय पानी आपूर्ति गर्नुपर्ने छ ।

१७. मुहान प्रदूषण गर्न पाइने छैन ।

१८. वातावरणमा नकारात्मक असर पार्ने संरचना बनाउन पाइने छैन ।

## परिच्छेद ६

## सेवा उपयोग र प्राथमिकता

१९. स्वास्थ्य संस्था, विद्यालय, आश्रय गृहलाई प्राथमिकता दिइने छ ।

२०. आपतकालीन अवस्था (बाढी, महामारी आदि) मा विशेष प्राथमिकता दिइने छ ।

२१. सामान्य घरधुरी र उद्योगलाई क्रमशः सेवा दिनुपर्ने छ ।

## परिच्छेद ७

## निरीक्षण र उजुरी

२२. गाउँपालिकाले खानेपानी निरीक्षक तोक्ने छ ।

२३. निरीक्षकले मुहानको अवस्था र संरचनाको मर्मतबारे प्रतिवेदन दिनुपर्ने छ ।

२४. असन्तुष्ट उपभोक्ताले न्यायिक समितिमा उजुरी दिन सक्ने छ ।

## परिच्छेद ८

## संशोधन र खारेजी

२५. आवश्यक भए यो कार्यविधि कार्यपालिकाबाट संशोधन वा खारेज गर्न सकिने छ ।

२६. यो कार्यविधि सङ्घीय वा प्रदेश कानुनसँग बाझिएमा बाझिएको हदसम्म निष्क्रिय हुने छ ।

# अनुसूचीहरू

## अनुसूची १

## मुहान दर्ता दरखास्त फाराम

(दफा ५ सँग सम्बन्धित)

मिति : ................

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
सोताङ गाउँपालिका ।

विषय : खानेपानी मुहान दर्ता गरिपाऊँ ।

महाशय,
देहायको विवरण भएको खानेपानी मुहान दर्ता गरिपाऊँ भनी यो निवेदन पेस गरेका छौं ।

मुहान दर्ता उपभोक्ता समितिको विवरण

१. समितिको नाम र ठेगाना : .............
२. उद्देश्य : .............
३. मुहानको स्थान : सोताङ गाउँपालिका वडा नं ..... टोल ...............
४. पानीको परिमाण : .............
५. परियोजना सुरु हुने समय : .............
६. परियोजना सम्पन्न हुने समय : .............
७. सम्बन्धित निकायको सिफारिस : .............
८. संलग्न कागजात :

- परियोजना विवरण
- आर्थिक सहयोगका प्रतिबद्धता

## अनुसूची २
## मुहान दर्ता प्रमाणपत्र
(दफा ६ सँग सम्बन्धित)

श्री ..................

तपाईंको दरखास्तउपर जाँचबुझ गरी निम्न विवरणसहित मुहान दर्ता प्रमाणपत्र दिइएको छ :

१. समितिको नाम र ठेगाना

२. परियोजनाको नाम

३. मुहानको स्थान

४. पानीको परिमाण

५. कार्यक्षेत्र

६. सर्तहरू

प्रमाणपत्र दिने अधिकारी :

सही : .......................

पद : ........................

मिति : ......................

अनुसूची ३
सर्वेक्षण अनुमति दरखास्त
(दफा १० सँग सम्बन्धित)

मिति : ................

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
सोताङ गाउँपालिका ।

देहायको विवरण भएको खानेपानी मुहान सर्वेक्षण गरिपाऊँ भनी निवेदन पेस गरेको छु ।

१. आवेदकको नाम
२. स्रोतको नाम र स्थान
३. सर्वेक्षण अवधि
४. संलग्न कागजातः
- प्राविधिक प्रतिवेदन
- नक्सा
- समिति विधान

अनुसूची ४

स्रोत सर्वेक्षण अनुमतिपत्र

(दफा ११ सँग सम्बन्धित)

श्री .....................

तपाइँको दरखास्तउपर जाँचबुझ गरी देहायबमोजिम अनुमति प्रदान गरिएको छ ।

१. स्रोतको नाम र स्थान

२. सर्वेक्षण अवधि

३. सर्तहरू

प्रमाणपत्र दिने अधिकारी :

सही : ........................

पद : .........................

मिति : .......................